जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

वर्ष १३ • अंक १८८ • २०८३ बैशाख १६ गते बुधवार • 29 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




## मटिहानीमा घरदैलो तथा विद्यार्थी भर्ना अभियान संचालन

**मो. इर्शाद**
**महोत्तरी, १६ बैशाख**

बैसाख १६ गते । महोत्तरीको मटिहानी नगरपालिकामा घरदैलो तथा विद्यार्थी भर्ना अभियान २०८३ सञ्चालन गरिएको छ । नयाँ शैक्षिक सत्र सुरु भएसँगै विद्यालय बाहिर रहेका तथा नियमित विद्यालय नगइरहेका बालबालिकालाई लक्षित गर्दै यो अभियान अघि बढाइएको हो। नयाँ शैक्षिक सत्रका लागि बैसाख १५ गते देखि २० गते सम्म विद्यार्थी भर्ना अभियान संचालन भएको बेला मटिहानीमा घरदैलो कार्यक्रम सम्पन्न गरिएको छ ।



शैक्षिक सत्र २०८३ का लागि मटिहानी स्थित श्रीराम माध्यमिक विद्यालयका तर्फबाट मटिहानी नगरपालिका वडा नं. ७ र ८ का विभिन्न टोलमा घरदैलो कार्यक्रम सम्पन्न भएको सहयोगी संस्था सपोर्ट नेपालका सशक्तिकरण परियोजनाका महोत्तरीका कार्यक्रम संयोजक प्रकाश ठाकुरले जानकारी दिनुभयो । सपोर्ट नेपालको आयोजना तथा कुर्वे उस्त्रोको सहयोगमा संचालित सशक्तिकरण परियोजना अन्तरगत मटिहानी स्थित सो विद्यालयमा विद्यार्थी भर्ना अभियानमा सहजीकरण गरिएको छ । सो विद्यालयका प्रधानाध्यापक श्रीश कुमार मिश्रको अध्यक्षतामा भएका उक्त घरदैलो कार्यक्रममा मटिहानी नगरपालिकाका प्रमुख हरि प्रसाद मण्डलको विशेष सहभागितामा विद्यालयका दुई सय ५५ जना विद्यार्थी , विद्यालयका शिक्षक, अभिभावक गरी २ सय ७० को उपस्थिती रहेको थियो ।

घरदैलो कार्यक्रममा सहभागीहरुले विद्यार्थी भर्ना अभियान संग संम्बन्धित प्लेकार्ड सहित टोलबस्तीहरुको पुगेको कार्यक्रमका सहजीकरण गरिरहेको परियोजनाका धनुषाका कार्यक्रम संयोजक शत्रुघन महतोले जानकारी दिनुभयो । अभियानका क्रममा टोलीले अभिभावकसँग छलफल गर्दै बालबालिकालाई शिक्षा दिलाउनुको महत्वबारे जानकारी गराइ एको थियो ।

आर्थिक अवस्था कमजोर भएका तथा विभिन्न कारणले विद्यालय छोडेका बालबालिकालाई पुनः विद्यालय फर्काउन घरदैलो कार्यक्रममा जोड दिइएको छ । सो कार्यक्रममा मटिहानी नगरपालिका शिक्षा शाखाका पदाधिकारी, नगर प्रहरी, सपोर्ट नेपालका सदस्य गंगा प्रसाद साह, सुरक्षा निकायका प्रतिनिधिहरु, सञ्चारकर्मी, स्थानीयबासीको सहभागिता रहेको थियो ।

## सडक दुर्घटना न्यूनीकरणमा ट्राफिक सक्रिय, इन्चार्ज महतोको कडाइ प्रभावकारी



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १६ बैशाख**

महोत्तरीको जलेश्वर ट्राफिक प्रहरी कार्यालयले ट्राफिक नियम उल्लङ्घन गर्ने सवारी चालकहरूविरुद्ध कडा कारबाही सुरु गरेको छ। जलेश्वर-जनकपुर सडकखण्डसँगै आसपासका सडकहरूमा ट्राफिक चेकजाँचलाई थप कडाइ गरिएको हो ।

जलेश्वर ट्राफिक कार्यालयका प्रहरी सहायक निरीक्षक जय नारायण महतोको नेतृत्वमा सडक दुर्घटना न्यूनीकरणका लागि विशेष चेकजाँच गरिएको छ । प्रहरी सहायक निरीक्षक महतोको नेतृत्वमा खटिएको ट्राफिक टोलीले सवारी साधनका कागजात, चालक अनुमति पत्र (लाइसेन्स), हेलमेटको प्रयोग, सिट बेल्टको अनिवार्य प्रयोगलगायत सुरक्षासम्बन्धी मापदण्डहरू कडाइका साथ जाँच गरिरहेको छ ।

चेकजाँचका क्रममा नवीकरण नगरिएका कागजात, बीमा नबुझाएका, हेलमेट तथा सिट बेल्ट प्रयोग नगरेका सवारी चालकहरूलाई तत्काल कारबाही गर्दै जरिवाना तिराइएको ट्राफिक प्रहरीले जनाएको छ। साथै, नियम उल्लङ्घन गर्ने चालकहरूलाई ट्राफिक सचेतनामूलक सन्देशसमेत प्रदान गरिएको छ । प्रहरी सहायक निरीक्षक महतोका अनुसार यस अभियानको मुख्य उद्देश्य ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन गर्दै सवारी दुर्घटनामा कमी ल्याउनु हो ।

स्थानीय बासिन्दाहरूले ट्राफिक प्रहरीको यस कदमको स्वागत गर्दै सडक सुरक्षा र अनुशासन कायम गर्न यस्ता नियमित चेकजाँच अत्यावश्यक रहेको बताएका छन्। ट्राफिक प्रहरीको निरन्तर निगरानीले सवारी चालकहरूमा सचेतना बढ्दै गएको उनीहरूको भनाइ छ ।




## जनकपुरधाममा निजि विद्यालय अनुगमन अभियान सुरु, नियम विपरीत पाए कडा कारबाहीको चेतावनी

**ओपि साह**
**जनकपुरधाम, १६ बैशाख**

जनकपुरधाम उपमहानगरपालिकाले शिक्षामा सुधार ल्याउने उद्देश्यले गठन गरेको अनुगमन समितिले आजदेखि विद्यालय अनुगमन सुरु गरेको छ ।


पहिलो चरणअन्तर्गत जनकपुरधाम-१३ मा अवस्थित गार्गी मेमोरियल इङ्गलिस बोर्डिङ लगायतका विद्यालयहरूमा अनुगमन गरिएको हो । आजको अनुगमनमा समितिका सदस्य दिपक कुमार ठाकुर, बिमलेश मिश्र, सन्जिव ठाकुर तथा वडा नं. १३ का अध्यक्ष जित बहादुर राउत लगायतको सहभागिता रहेको थियो । अनुगमनका क्रममा विद्यार्थीबाट लिइने मासिक शुल्क, पाठ्यपुस्तकको व्यवस्था तथा दर्ता अनुसार विद्यालय सञ्चालन भए-नभएको विषयमा विस्तृत जाँचबुझ गरिएको समितिले जनाएको छ । अनुगमन समितिका सदस्य दिपक



कुमार ठाकुरका अनुसार निर्धारित मापदण्ड विपरीत सञ्चालन भएका विद्यालयलाई आवश्यक निर्देशन दिइनेछ। "नियमविपरीत पाइएमा विद्यालय बन्द गर्नेसम्मको प्रक्रिया अघि बढ्न सक्छ," उनले बताए । उपमहानगरपालिकाले आगामी दिनमा अन्य विद्यालयहरूमा पनि नियमित अनुगमन जारी राख्ने जनाएको छ । यस अभियानले शिक्षा क्षेत्रमा पारदर्शिता र अनुशासन कायम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय……………….

# सूचनाको हकको महत्व बुझ्न जरुरी

*विगतमा सूचना मागकर्ताको संख्या बढाउने र सूचना माग्ने कार्यलाई व्यावहारिक बनाउने तर्फ आयोग र अभियानकर्ता केन्द्रित भएको थियो । यो कानुन आएको अहिले १८ वर्ष पार हुँदै गर्दासम्म पनि आमनागरिकले सूचना मागेको देखिँदैन्न । पहुँच नभएका जनताका लागि बढी महत्व हुने यो कानुन उनीहरूसम्म पुग्न अझै सकेको छैन । यसो हुनुको मुख्य कारण राज्यका संयन्त्रमा रहेका जिम्मेवार व्यक्तिहरूको बुझाइमा स्पष्ट नहुनु, थाहा हुँदाहुँदै पनि सूचना दिन नपरोस् भन्ने मानसिकतामा रहनु, यो कानुनलाई टाउको दुखाइको विषय सम्झिनु, सूचना मागकर्तालाई दुःख दिने, कानुनका रूपमा मात्र बुझ्ने गरेका कारण पनि सरकारी स्तरबाट यो कानुनको प्रचलन गराउन अग्रसर भएको देखिएन ।*

*एउटा मान्छेले जन्मिएदेखि मरेर अन्तिम संस्कार गर्दासम्म कर तिर्छ, आफूले तिरेको कर कहाँ र कसरी खर्च भइरहेको छ भन्ने जान्ने अधिकार प्रत्येक नेपाली जनतालाई रहेको देखिन्छ । यही कुरालाई सहज बुझाइका साथ अघि बढाउन आवश्यक रहेको देखिन्छ । यसका साथै सरकारी स्तरमा अनुगमन र समन्वयका लाती बनेका सबै संयन्त्रको सक्रियता आवश्यक छन । साँच्चै देशलाई भ्रष्टाचारमुक्त बनाउने हो भने राजनीतिक दल, दलका नेता, कार्यकर्तालाई सूचनाको हकको महत्व, आवश्यकता र यसको प्रयोगबाट हुने फाइदाबारे बुझाउन र बुझ्न जरुरी रहेको देखिन्छ ।*

# पञ्चधुरा भगवतीको मन्दिरमा पूजाआर्चना गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढ्दै

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १६ बैशाख**

महोत्तरीको बर्दिबास नगरपालिका-४ माईस्थानमा अवस्थित पञ्चधुरा भगवतीको मन्दिरमा पूजाआर्चना गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढ्दै गएको छ । रमणीय र शान्त वातावरणमा पूजाआर्चना गर्नका लागि आन्तरिकसँगै छिमेकी मुलुक भारतका पर्यटकहरु यहाँ आउने क्रममा वृद्धिभएसँगै पछिल्लो समय यो पर्यटन आकर्षणको केन्द्र बन्दै गएको हो । पञ्चधुरामाईलाई शक्तिपीठको रूपमा पूजा गरिन्छ, जहाँ मनोकांक्षा पूरा हुने विश्वासका साथ भक्तजनहरू आउने गर्छन् ।



विशेषगरी मङ्गलबार र विशेष पर्वहरूमा पूजा गर्न आउने श्रद्धालुहरूको ठूलो भीड यहाँ लाग्ने गर्दछ । बर्दिबासको आसपासका क्षेत्रमा धार्मिक र पर्यटकीय स्थलहरूको विकास हुँदै जाँदा पञ्चधुरा मन्दिरले स्थानीय पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेलिरहेको पञ्चधुरा माई मन्दिर संरक्षण समितिका अध्यक्ष अक्कलबहादुर तामाङले बताउनुभयो । धार्मिक एवं पुरातात्विक महत्वको यो मन्दिर इतिहासको कालखण्डमा यस क्षेत्रभित्र रहेको घना जङ्गलभित्र फेलापरेको थियो । स्थानीय वृद्धवृद्धा तथा बूढापाकाहरूका अनुसार त्यस बेला यस मन्दिरमा विशालकाय भएको पिपलको वृक्ष थियो । त्यस अद्भूत पिपलको विशालकाय वृक्षको फेदीमा पाँचवटा टोडका थियो र त्यस टोडकाबाट अविरल रूपमा जलधारा (पानी) बगिरहने हुँदा यस मन्दिरको नाम पनि पञ्चधारा राखिएको किंवदन्ती छ । पछि यही 'पञ्चधारा' अपभ्रंश हुँदै पञ्चधुरा भएको स्थानीयवासी बताउँछन् ।

पञ्चधुरा भगवतीको मन्दिर जति प्राचीन एवं पौराणिक छ, त्यत्तिकै यसको ऐतिहासिक महत्व पनि छ । श्री ३ प्रधानमन्त्री जङ्गबहादुर राणाले १९३३ सालमा सिकार खेल्नका लागि मधेसको बहादुरगन्ज क्षेत्रको बर्दिबास-माईस्थान जङ्गलमा जानुभएको थियो । त्यस क्रममा उहाँले 'सेतो बाघ' देख्नुभएको थियो । उहाँले बन्दुकको निशाना सेतो बाघतिर लगाउँदा बाघ पञ्चधुरा मन्दिरमा विलय भएको किंवदन्ती छ । उपन्यासकार डायमण्डशम्शेर राणाले लेख्नुभएको चर्चित उपन्यास 'सेतो बाघ'मा पनि यो सन्दर्भ उल्लेख गर्नुभएको पाइन्छ । स्थानीय वृद्धवृद्धा तथा बूढापाकाहरूका अनुसार श्री ३ प्रधानमन्त्री जङ्गबहादुर राणाले पञ्चधुरा भगवतीमाथि कुदृष्टि लगाए र उनलाई माताको श्राप लाग्यो । सोही कारण उनको सर्लाही जिल्लाको पत्थरकोटमा १९३३ साल फागुन १३ गते मृत्यु भएको थियो । जुन घटना १४८ वर्षअघिको हो ।

श्री ३ जङ्गबहादुर राणाले सिकार खेल्ने क्रममा यसै मन्दिरको परिसरमा सेतो बाघ देखेपछि उनी बिरामी पर्नुभएको थियो र पछि त्यही सेतो बाघ उनको मृत्युको कारण बनेको स्थानीय वृद्धवृद्धा तथा बूढापाकाहरूको भनाइ छ । यस भगवती मन्दिरमा अपार तान्त्रिक शक्ति पनि भएको जनविश्वास छ । त्यही कारण यहाँ भाकल गर्ने र बलि दिनेको पनि भीड लाग्ने गर्दछ ।

# देशभर हावाहुरीसंगै पानी पर्ने चेतावनी



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ बैशाख**

बुधबार देशभर हावाहुरीसंगै पानी पर्ने चेतावनी जल तथा मौसम विज्ञान विभाग अन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले दिएको छ ।

गत शनिबारदेखि पानी पर्ने, बादल लाग्ने भइरहेकामा मंगलबार रातिदेखि नै भने प्रि-मनसुन सक्रिय हुने देखिएको छ । पश्चिमी र स्थानीय वायुको साथै नेपालको पूर्वी भू- भाग नजिक तल्लो वायुमण्डलमा रहेको न्यूनचापीय क्षेत्रको प्रभावका कारण बुधबार कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका अधिकांश स्थानमा पानी पर्ने सम्भावना रहेको छ । त्यस्तै बुधबार कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका केही स्थानमा पनि पानी पर्ने देखिए पनि कोशी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा भने ठूलो वर्षाको पनि सम्भावना छ । विभागका प्रवक्ता विभूति पोखरलेका अनुसार प्रि-मनसुनको सिजन भएकाले मेघगर्जन, चट् याङ र हावाहुरीको सम्भावना रहेको जनाएको छ । उनले भने, 'आज राति कोशीका धेरै स्थान मधेश, बागमती र गण्डकीका केही स्थानमा पानी पर्ने देखिन्छ, बुधबार भने अझ विस्तार भएर देशभर पानी पर्ने आकलन छ । बुधबार राति कोशी, मधेश, बागमती र गण्डकी प्रदेशको धेरै स्थान तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका पहाडी र हिमाली भूभागका थोरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना छ ' । लुम्बिनी र सुदूरपश्चिम प्रदेशको तराई भूभागका एक/दुई स्थानमा पनि मध्यमसम्मको वर्षाको आकलन छ । बिहीबार भने मौसममा केही सुधार हुने सम्भावना रहेको छ । बिहीबार दिउँसो हिमाली र पहाडी भू-भागका केही स्थान तथा तराई भूभागका थोरै स्थानमा मध्यमसम्मको वर्षाका सम्भावना रहेको छ । बुधबार साँझ देशका विभिन्न क्षेत्रमा हावाहुरी पनि चल्ने सम्भावना रहेको छ ।

# खसीको नाममा बोकाको मासु बिक्री भइरहेको भन्दै गम्भीर ध्यानाकर्षण

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १६ बैशाख**



जनकपुरधाम उपमहा नगरपालिकाले बजारमा खसीको नाममा बोकाको मासु बिक्री भइरहेको भन्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । पछिल्लो समय उपभोक्ताबाट यस्ता गुनासाहरू बढ्दै गएपछि उपमहानगरपालिकाले मासु व्यवसायीहरूलाई सचेत गराउँदै कडाइ गर्ने चेतावनी दिएको हो । नगर कार्यपालिकाको कार्यालयले जारी गरेको सूचनामा उपमहानगरपालिका भित्र सञ्चालनमा रहेका सम्पूर्ण मासु पसल तथा विक्रेताहरूलाई भ्रामक तरिकाले मासु बिक्री वितरण नगर्न निर्देशन दिइएको छ ।

## तपाईको टुडे

मेष: पिछडेको साथी मिल्ने
वृष: अनावश्यक चिन्ता
मिथून: लामो यात्राको योग छ
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: मनमा पछुतो आउने
कन्या: खानपानमा समस्या आउने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: अशुभ समाचार प्राप्त हुने
धनु: अनावश्यक खर्चको संभावना
मकर: पढाईमा ध्यान दिनुपर्ने
कूम्भ: मित्रतामा फाटो आउने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

जलेश्वर टुडे
Jaleshwor Today Daily



# मध्यपूर्व तनाव र इरानी प्रस्ताव: वासिङ्टनमा अनिश्चितता, तेलको मूल्य पुनः उकालो

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ बैशाख**

मध्यपूर्वमा जारी अमेरिका-इजरायल र इरानबीचको तनावपूर्ण द्वन्द्व अन्त्य गर्ने प्रयासहरू नयाँ मोडमा पुगेका बेला वासिङ्टनभित्रै अनिश्चितता गहिरिँदै गएको छ। इरानले अघि सारेको पछिल्लो प्रस्तावप्रति अमेरिकी नेतृत्व सशङ्कित देखिएको छ भने यही सन्दर्भमा पेन्टागन प्रमुख पीट हेग्सेथले बुधबार पहिलो पटक कांग्रेससमक्ष गवाही दिने तयारी गरेका छन्।



दुई महिनादेखि जारी युद्धका कारण इरानले रणनीतिक रूपमा अत्यन्त महत्त्वपूर्ण जलमार्ग अवरुद्ध गर्दा विश्वव्यापी तेल तथा ग्यास आपूर्तिमा गम्भीर असर परेको छ। जसले अन्तर्राष्ट्रिय अर्थतन्त्रमा तरङ्ग पैदा गरेको छ। यस्तो अवस्थामा युद्धविरामतर्फको कुनै पनि पहल निर्णायक बन्न सक्ने भए पनि वासिङ्टनले तेहरानको प्रस्तावलाई सहज रूपमा स्वीकार गर्ने सङ्केत देखिएको छैन। अमेरिकी अधिकारीहरूले राष्ट्रपति डोनाल्ड ट्रम्प इरानी प्रस्तावप्रति सन्तुष्ट नरहेको विवरणहरूलाई अस्वीकार गरेका छैनन्। ह्वाइट हाउसमा आयोजित एक कार्यक्रमका क्रममा ट्रम्पले इरानलाई 'सैन्य रूपमा पराजित' भइसकेको दाबी गर्दै उसलाई कहिल्यै आणविक हतियार प्राप्त गर्न नदिने अडान दोहोर्याए। तर तेहरानले भने अमेरिकाप्रति कुनै विश्वास नरहेको स्पष्ट पार्दै आवश्यक परेमा अझ कडा जवाफ दिन सक्ने चेतावनी दिएको छ। पछिल्ला दिनहरूमा वार्ताका प्रयासहरू प्रभावकारी हुन सकेका छैनन् र उपराष्ट्रपति जेडी भान्सको पाकिस्तान भ्रमण समेत अन्तिम समयमा स्थगित भएको छ। पाकिस्तान मार्फत आएको नयाँ प्रस्तावमा इरानले जलमार्गमा आफ्नो नियन्त्रण खुकुलो बनाउने र बदलामा अमेरिकाले इरानी बन्दरगाहमाथिको नाकाबन्दी हटाउनुपर्ने सर्त राखेको छ। अमेरिकी विदेशमन्त्री मार्को रुबियोले प्रस्ताव अपेक्षाभन्दा राम्रो भए पनि त्यसको विश्वसनीयतामाथि प्रश्न उठाएका छन्। मध्यस्थकर्ताको भूमिकामा रहेको कतारले स्पष्ट समाधान ननिस्किए दीर्घकालीन गतिरोध कायम रहन सक्ने चेतावनी दिएको छ। यही अनिश्चितताका कारण अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य पुनः उकालो लागेको छ र वेस्ट टेक्सास इन्टरमिडियेटको मूल्य १०० डलर नाघेको छ। अमेरिकाभित्र पनि मध्यावधि चुनाव नजिकिँदै गर्दा युद्धप्रति सर्वसाधारणको असन्तुष्टि बढेको छ, जसले ट्रम्पमाथि द्वन्द्वबाट बाहिरिने मार्ग खोज्न दबाब बढाएको छ।

# सलमान खानको फिल्ममा राजपाल यादवको इन्ट्री

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ बैशाख**



बलिउड अभिनेता राजपाल यादवले सलमान खान र नयनतारा अभिनित फिल्म 'एसभीसी ६३' को छायांकन सुरु गरेका छन्। राजपालले फिल्ममा सलमानको राइट ह्यान्ड म्यानको भूमिका निर्वाह गर्ने खबर आएको छ।

रिपोर्टअनुसार राजपालको चरित्र केवल सहायक नभएर कथाको सबैभन्दा जरुरी हिस्सामध्ये एक हो। निर्माताहरूले राजपाललाई यस भूमिकाको लागि सबैभन्दा उपयुक्त ठानेका अनि सलमानले पनि उनलाई उत्तम विकल्प मानेको बताइएको छ। फिल्ममा राजपालको छायांकन मेमा सुरु हुने तालिका थियो, तर उनले समयभन्दा अगाडि नै छायांकन सुरु गरेका छन्। उनको चरित्र हास्यप्रधान हुनेछ, जसले फिल्मको गम्भीर एक्सन टोनमा हल्कापनको मनोरञ्जन थप्ने बताइएको छ। यो फिल्म अभिनेत्री नयनतारा, निर्देशक वाम्शी पैदिपल्ली र निर्माता दिल राजुसँग सलमानको पहिलो सहकार्य हो। अस्थायी रूपमा 'सीभीसी ६३' शीर्षक भएको यो फिल्म एक एक्सन थ्रिलर हुनेछ। यो २०२७ को इदमा रिलिज हुनेछ।

राजपाल यादव हालै अक्षय कुमार अभिनीत र प्रियदर्शन निर्देशित फिल्म 'भूत बंगला'मा देखिएका थिए। यो फिल्म २०२६ को अप्रिल १७ मा थिएटरमा रिलिज भएको थियो। हालै एउटा अवार्ड कार्यक्रममा राजपालको खिल्ली उडाइएपछि सलमानको समर्थनमा आएका थिए। समारोहमा राजपाल यादवले बढ्दो डलरको दरबारे बोलेका थिए। त्यस समय अवार्ड होस्ट गरिरहेका पत्रकार सौरभ द्विवेदीले र डलरको दर बढोस् वा घटोस् उधारो लिएको रकम तिर्नुर्ने भन्दै चेक बाउन्स प्रकरणलाई लिएर राजपालको खिल्ली उडाएका थिए।

# कृषिमा लगानी बढाउँदै वाणिज्य बैंक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ बैशाख**




राष्ट्रिय वाणिज्य बैंकले प्राथमिकताका साथ कृषिमा लगानी बढाउँदै लगेको छ। विशेषगरी कृषि क्षेत्रमा गरिने कर्जा लगानीलाई प्राथमिकतामा राख्दै बैंकले २०८२ चैत मसान्तसम्म ३९ अर्ब ५३ करोड २० लाख कृषि कर्जा प्रवाह गरेको छ।

बैंकको आधार दरमा न्यूनतम प्रिमियम कायम गरी सस्तो ब्याजदरमा कृषि कर्जा प्रवाह गरिरहेको बैंकले कृषक तथा कृषि उद्यमीलाई आकर्षित गर्न कृषिसँग सम्बन्धित कर्जामा प्रशोधन शुल्कमा समेत सुविधा प्रदान गर्दै आइरहेको सूचना अधिकारी पवन रेग्मीले जानकारी दिए। बैंकले कुखुरापालन, बाखापालन, गाईपालन, भैंसीपालन, माछापालन लगायतका कृषि परियोजनामा लगानी गर्दै आइरहेको बैंकले पछिल्लो समयमा विभिन्न प्रदेशमा विभिन्न कृषि उत्पादनलाई जोड दिँदै ४.७५ प्रतिशत ब्याजदरमा पाँच करोडसम्मको 'प्रदेश विशेष कृषि कर्जा' प्रदान गर्ने गरेको छ।

त्यसैगरी बैंकले स्थानीय साना कृषकलाई लक्षित गरी कुनै पनि प्रशोधन शुल्क नलिई बैंकले ४.७५ प्रतिशत ब्याजदरमा १० लाखसम्म साना किसान सरल कर्जा' उपलब्ध गराइरहेको जनाएको छ।

सूचना अधिकारी रेग्मीले भने, "बैंकले किसानहरुका लागि 'किसान क्रेडिट कार्ड'को सुविधा पनि उपलब्ध गराइरहेको छ, कृषि कर्जाको सेवा प्रवाहलाई थप व्यवस्थित बनाउन बैंकले छुट्टै कृषि कर्जा नीति जारी गरी कृषि कर्जा कार्यविधिसमेत लागू गरेको छ।"

# ओडीआईमा नेपालका टप अर्डर ब्याटरको लगातार खराब फर्म

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ बैशाख**




आईसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गतको सिरिजमा नेपालको खराब प्रदर्शन कायमै छ। घरेलु मैदानमा जारी सिरिजमा नेपाल बुधबार ओमानसँग डीएलएस मेथर्डका आधारमा १०२ रनले पराजित हुन पुग्यो। हारको मुख्य कारण बन्यो -ब्याटिङ। ओमानले दिएको ३०६ रनको लक्ष्य पछ्याएको नेपालले ३६ ओभर ५ बलको खेल सकिँदा ७ विकेट गुमाएर मात्र १५५ रन बनाएको थियो।

लगातार अवसर पाइरहेका कप्तान रोहित पौडेलसहित ओपनर द्वय आसिफ शेख र कुशल भुर्तेल फेरि एकपटक चल्न सकेनन्। रोहित १०, आसिफ १९ र कुशल एक रनमा आउट भए। ओपनरसहित टप अर्डर चल्न नसक्दा नेपालको ब्याटिङ धरासायी बन्न पुग्यो। यो समस्या नेपालका लागि नयाँ होइन। नेपालका पछिल्ला १० ओडिआई खेल हेर्ने हो भने यी तीन खेलाडी अधिकांश खेलमा फ्लप भएका छन्। कप्तान रोहितले पछिल्ला १० खेलमध्ये एक खेलमा मात्र शतक प्रहार गरेका छन्। त्यसबाहेकका ९ खेलमा उनले ४० कटाउन सकेका छैनन्। सन् २०२५ को अक्टोबरमा यूएईविरुद्ध १०९ रनको शतकीय पारी खेलेका थिए। त्यसबाहेक रोहित चल्न सकेका छैनन्। ४ खेलमा उनले ३ रन कटाउन सकेका छैनन्। ओपनर कुशल र आसिफको हालत पनि उस्तै छ। पछिल्ला १० ओडीआईमा कुशलले एकमात्र अर्धशतक बनाएका छन्। त्यसबाहेकका खेलमा उनको प्रदर्शन सम्झनालायक छैन। गत चैत-वैशाखमा भएको प्रधानमन्त्री( पीएम) कपमा दोहोरो शतक बनाएका आसिफको ओडीआईमा पछिल्लो समय राम्रो प्रदर्शन छैन। आसिफले पछिल्लो १० ओडीआईमा कुनै खेलमा अर्धशतक बनाउन सकेका छैनन्।

# बालविवाह अन्त्यका लागि विशेष कारण पहिचान गरी काम गर्नुपर्छ: मन्त्री बादी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ बैशाख**




महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता बादीले बालविवाह अन्त्यका लागि त्यसका मूल कारण पहिचान गरी काम गर्नुपर्ने र लैङ्गिक रूपान्तरणमा ध्यान दिनुपर्ने बताएकी छन्।

बुधबार सिंहदरबारस्थित मन्त्रालयमा 'बालिका दुलही होइनन् नेपाल (जिएनबी नेपाल)' को ध्यानाकर्षण बुझ्दै उनले बालविवाह अन्त्यका लागि सरकार जिएनबी नेपालसहित यस क्षेत्रमा क्रियाशील सबै सङ्घसंस्थासँग सहकार्य गर्न सकारात्मक रहेको बताएकी छन्। मन्त्री बादीले बालविवाह अन्त्य जस्तो गम्भीर सामाजिक समस्या समाधानका लागि सरकारका कार्यक्रम र नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबैको सहयोग आवश्यक रहेको बताइन्।

जिएनबी नेपाल 'बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्य योजना, २०८२' को प्रभावकारी कार्यान्वयनका लागि ध्यानाकर्षण पत्र बुझाएको थियो। उक्त संस्थाका अध्यक्ष प्रकाश खतिवडाको नेतृत्वको टोलीले विभिन्न सुझावसहितको सात बुँदे ध्यानाकर्षण पत्र बुझाएको थियो। ध्यानाकर्षण पत्रमा सन् २०३० सम्म नेपालमा बालविवाह अन्त्य गर्ने राष्ट्रिय प्रतिबद्धता पूरा गर्न राष्ट्रिय बाल अधिकार परिषद् तथा प्रदेश र स्थानीय बाल अधिकार समितिहरूलाई नेतृत्वदायी, जवाफदेही र अनुगमनकारी भूमिकामा सक्रिय बनाउनुपर्ने, तथ्याङ्क प्रणाली सुदृढ गर्नुपर्ने, समयबद्ध कार्यतालिका र प्रगति सार्वजनिक गर्नुपर्ने, प्रदेश र स्थानीय तहमा बजेट सुनिश्चित गर्नुपर्ने तथा लैङ्गिक रूपान्तरणकारी दृष्टिकोणसहित बहु-क्षेत्रीय सहकार्य विस्तार गर्नुपर्नेलगायत सात बुँदे सुझाव उल्लेख छन्।

# १० वर्षमा हावाहुरीका एक हजार ५१९ वटा घटना हुँदा १०१ जनाको मृत्यु

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ बैशाख**




पछिल्लो एक दशकमा देशभर हावाहुरीका घटना उल्लेख्य रूपमा बढेको तथ्याङ्कले देखाएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्कअनुसार २०७३ साल वैशाख १ गतेदेखि २०८२ माघ २५ गतेसम्मको अवधिमा कूल एक हजार ५१९ वटा हावाहुरीका घटना भएका छन्।

उक्त अवधिमा हावाहुरीका कारण १०१ जनाले ज्यान गुमाएका छन् भने एक जना बेपत्ता भएका छन्। त्यस्तै, एक हजार ५७२ जना घाइते भएको तथ्याङ्कमा उल्लेख छ। आठ हजार ५०४ परिवार यस अवधिमा प्रभावित बनेका छन्। हावाहुरीबाट मानवीय क्षतिसँगै भौतिक क्षति पनि ठूलो मात्रामा हुने गरेको छ। विशेषगरी तराई तथा मध्य पहाडी क्षेत्रमा हावाहुरीको प्रभाव बढी देखिने गरेको विज्ञहरू बताउँछन्। करिब ५३ करोड आर्थिक क्षति यस अवधिमा भएको तथ्याङ्कमा उल्लेख छ। यस अवधिमा भारी वर्षाका कारण ११० जनाले र हिउँ-हुरीका कारण १७ जनाले ज्यान गुमाएका छन्। प्राधिकरणको तथ्याङ्कअनुसार यही वैशाख १ गतेदेखि १६ गतेसम्म देशभर विभिन्न प्रकारका प्राकृतिक विपद्का ६१६ घटना घटेका छन्।

यी घटनामा परी ३४ जनाको मृत्यु भएको छ भने १३९ जना घाइते भएका छन्। यस अवधिमा हावाहुरीका ४४ घटनाले ३१९ परिवार प्रभावित भएका छन्।

# समावेशिताको अपूर्ण बहस



-वर्तमान सरकार गठन भएलगत्तै एक जना युवाले मसँग रमाइलो भावमा प्रश्न गर्नुभयो- ‘राजनीतिमा पुस्तान्तरण भयो, समावेशिताका मुद्दाहरू पनि सम्बोधन भए, अबको तपाईंहरूको एजेन्डा के हुन्छ ?’ मैले पनि रमाइलो पारामा नै जवाफ दिएँ, ‘देश अब तपाईंहरूको हातमा छ, विगतमा स्थापित मुद्दाहरूलाई तपाईंहरूले कसरी निरन्तरता र स्थिरता दिनुहुन्छ, हामी त्यसको निगरानी गर्नेछौं ।’


ती युवाको प्रश्न झट्ट सुन्दा सामान्य र समसामयिक थियो । प्रश्न जति सरल थियो, त्यति नै जटिल र गहिरो अर्थ बोकेको । प्रश्न प्रतीकात्मक र आम धारणालाई प्रतिध्वनित गर्ने खालको थियो । त्यो एक प्रश्न र त्यस्तै आशयका अन्य धेरै भनाइले यो लेखलाई जन्म दिएको हो । यस लेखमा वर्तमान राजनीतिक परिवेश र समावेशिताको मर्मबीचको अवधारणा, सम्बन्ध र सान्दर्भिकतालाई केलाउन खोजिएको छ । नेपालको संविधानले देशका विविध जात, लिंग, धर्मलगायत सबैको संवैधानिक हक सुरक्षित गरेको छ । महिलाको ३३ प्रतिशत राजनीतिक प्रतिनिधित्वलगायत सबैको समानुपातिक प्रतिनिधित्व र सहभागितालाई समावेशी लोकतन्त्रको ऐतिहासिक उपलब्धि मानिन्छ । संसद्, मन्त्रिपरिषद्देखि स्थानीय तहसम्म महिला र अन्य पछाडि पारिएका समुदायको उपस्थिति बढेको छ । युवाले नेतृत्व गरेको हाल निर्वाचित सरकारको मन्त्रिपरिषद्मा इतिहासमै पहिलो पटक ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित भएको छ । सरकारले दलित समुदायप्रति विगतका विभेदपूर्ण अभ्यासका लागि माफी माग्ने घोषणा गरेको छ । यी सबै घटनाक्रम र प्रगतिहरू पक्कै पनि निकै उत्साहजनक र आशालाग्दा देखिएका छन् । यद्यपि, यिनै घटनाक्रमहरूलाई केन्द्रमा राख्दै आम धारणाले एउटा सहज निष्कर्षतर्फ पनि डोऱ्याइरहेको जस्तो देखिन्छ- देशको राजनीतिमा आएको ऐतिहासिक परिवर्तनसँगै समावेशिताका सवालहरू पनि सम्बोधन भइसकेको छ, अब यसबारे थप बहस त्यति सान्दर्भिक छैन । तर के यति मात्रले ऐतिहासिक अन्याय, असमानता र संरचनागत विभेदको अन्त्य हुन्छ ? के संख्यात्मक प्रतिनिधित्वले स्वतः शक्ति, प्रभाव र न्याय सुनिश्चित गर्छ ? यी प्रश्नहरू आजको सन्दर्भमा केवल सैद्धान्तिक प्रश्न मात्र नभएर लोकतन्त्रको मर्म, गुणस्तर र सुशासनसँग जोडिएर आउने बहस हुन्, जसको सान्दर्भिकता वर्तमानमा अझै गहिरिएर गएको छ ।

संख्यात्मक प्रतिनिधित्व : उपस्थिति वा शक्ति सम्बन्धको हेरफेर ? निश्चय नै नेतृत्वमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व होस् वा सीमान्तकृतको उपस्थिति होस्, दुवै निकै महत्त्वपूर्ण उपलब्धि हुन् । यी सबै लामो राजनीतिक संघर्ष, महिला आन्दोलन र समावेशी नीति तथा अभ्यासका लागि भएको निरन्तर दबाब र वकालतका परिणामहरू हुन् । यसले निश्चित मात्रामा राज्यका संरचनामा बहिष्कृत वर्ग र लिंगको औपचारिक उपस्थितिलाई सुनिश्चित गरेको छ, जुन सकारात्मक हो । यसले सार्वजनिक जीवनमा उनीहरूको प्रभावलाई पनि बढाएको छ । तर प्रतिनिधित्वलाई केवल संख्यामा सीमित गरेर त्यसै आधारमा मूल्यांकन गरियो भने गम्भीर भ्रम सिर्जना गर्छ । संसद्, मन्त्रालय वा कार्यकारी निकायमा उपस्थित हुनु र वास्तविक निर्णय प्रक्रियामा प्रभाव राख्नु दुई फरक पक्ष हुन् । उपस्थित छन् तर यदि निर्णायक शक्ति संरचनाबाट टाढा छन् वा त्यसमा प्रभाव र परिवर्तन ल्याउन सक्दैनन् भने यो उपलब्धि अधुरो नै रहन्छ । अध्ययनहरूले पनि देखाउँछन् कि संख्यात्मक प्रतिनिधित्व बढे पनि नेतृत्व र निर्णय प्रक्रियामा महिला र सीमान्तकृत समुदायको पहुँच अझै सीमित छ । राजनीतिक प्रतिनिधित्वको वास्तविक अर्थ कुनै पदमा पुग्नु मात्र होइन, नीति निर्माण, स्रोत वितरण र प्राथमिकता निर्धारणमा प्रभाव पार्न सक्नु हो । महिलाको प्रतिनिधित्वलाई नै उदाहरण मानेर हेर्ने हो भने संसद्मा महिला प्रतिनिधि विगतमा पनि ३३ प्रतिशत नपुगेको होइन ।

केही महिला वा दलित मन्त्रिमण्डलमा समावेश नभएका पनि होइनन् । व्यक्तिगत सहभागितालाई मात्र हेर्ने हो भने देशमा लोकतन्त्र आउनुअघि पनि महिला वा दलित प्रभावशाली पदमा नपुगेका होइनन् । तर त्यसले संरचनागत परिवर्तनमा कति भूमिका खेल्यो ? त्यसले आम समुदायको जीवन र शक्ति सम्बन्धमा कस्ता परिवर्तन ल्यायो ? यो भने मुख्य प्रश्न हो । साधारणतया महिला, बालबालिका, शिक्षा वा स्वास्थ्यसँग सम्बन्धित विषयमा महिलाको सक्रियता देखिए पनि बजेट प्राथमिकता, स्रोतको वितरण, ठूला पूर्वाधारका सवाल, वैदेशिक नीति, शक्ति सन्तुलनका विषयमा उनीहरूको सक्रियता र पहुँच सीमित देखिन्छ । यस्ता विषयमा महिला वा सीमान्तकृत वर्गका अनुभव र विचारलाई प्राथमिकतामा राखिँदैन । तिनलाई पार्टीगत निर्णयहरूले निर्देशित गरेको हुन्छ, जसमा निश्चित व्यक्ति (पहुँचयुक्त पुरुष) नै हुन्छन् । यसले के देखाउँछ भने महिला महिलाकै मुद्दामा मात्र सीमित गराइन्छन्, जबकि राज्यको मुख्य शक्ति र स्रोतसँग सम्बन्धित निर्णयहरू पुरुष प्रधान संरचनाले नै निर्धारण गर्दछ । अर्को उदाहरण, स्थानीय तहको उपप्रमुखमा महिला सहभागितालाई हेर्न सकिन्छ । यस व्यवस्थाले संख्यात्मक प्रगति उत्साहजनक देखिए पनि गुणात्मक रूपमा महिलाको निर्णायक क्षमता र शक्ति अभ्यासलाई कति स्थान दिएको छ भन्ने प्रश्न अगाडि ल्याएको छ । प्रतिनिधित्व र प्रभावबीचको फरकलाई केलाउन उपप्रमुख पदमा पुगेका महिलाले निर्णायक तहमा हासिल गरेका उपलब्धि र भोग्नुपरेका बाधा, असहजता, महिला नेतृत्वलाई स्वीकार नगर्दा खेप्नुपरेका अपमान, हिंसा र राजनीतिबाटै उत्पन्न वितृष्णाका विषयहरूलाई व्यापक बहसमा ल्याउन जरुरी छ । के उनीहरूले प्रतिनिधित्वसँगै स्वतन्त्र र निर्णायक भूमिका खेल्ने अवसर पाएका छन् ? यसमाथि विश्लेषण र बहस हुनैपर्छ । अन्यथा प्रतिनिधित्वले ल्याएको प्रतीकात्मक प्रगतिभित्र शक्तिको समान वितरण र अभ्यासका गम्भीर विषय हराएर जानेछन् । दलित समुदायसँग माफी : विभेदको स्वीकारोक्ति कि न्यायको सुनिश्चितता ? नयाँ सरकारलाई नेतृत्व गर्ने पार्टीका अध्यक्षले दलित समुदायसँग आजसम्मको विभेद र बहिष्करणका लागि माफी माग्नुभएको छ । यो निकै सकारात्मक र लोकप्रिय कदम हो । कानुनले दशकौंअगाडि वर्जित गरेको विषय आज पनि समाजमा अभ्यासमा छ भन्ने विषयलाई स्वीकार गर्नु विभेदविरुद्धको पहिलो खुड्किलो हो । तर यस अभिव्यक्तिले आम दलित समुदायको दैनिक जीवनमा के परिवर्तन ल्याउँछ ? उनीहरूले शताब्दीदेखि भोगेको र भोगिरहेको विभेद, बहिष्करण, अपमान र मानसिक आघातको क्षतिपूर्ति गर्न यस भनाइसँगै सरकारका नीति, व्यवहार र अभ्यासहरू कस्ता हुन्छन् ? प्रश्न त्यहाँनिर छ । समाजमा हुने शक्तिको असमान वितरण र अन्यायपूर्ण अभ्यासलाई सुधार्न कस्ता कार्य वा योजना बने भन्ने विषयले मात्र यसको जवाफ दिन्छ । राज्यले माफी माग्नु वा केही समावेशी सांकेतिक कदम चाल्नु सकारात्मक संकेत हुन्, तर यस्ता कदमलाई अन्तिम समाधानका रूपमा प्रस्तुत गर्न खोज्नु खतरनाक हुन्छ । माफीले विगत स्वीकार गर्दछ, तर न्याय सुनिश्चित गर्दैन । न्यायका लागि संरचनागत सुधार आवश्यक हुन्छ । आगामी दिनमा दलित समुदाय लक्षित नीतिगत परिवर्तन, संस्थागत उत्तरदायित्व र स्रोतको पुनर्वितरण भएन भने यस्ता कदमहरू प्रतीकात्मक मात्र हुनेछन् । सामाजिक न्याय केवल स्वीकारोक्ति होइन, परिवर्तन हो, जुन प्रणालीगत हुनुपर्दछ । सरकारले आगामी दिनहरूमा दलित र अन्य बहिष्कृत समुदाय लक्षित गर्ने व्यवहार र नीतिहरू यसमा भएको प्रगतिलाई मापन गर्ने आधार हुन् । अदृश्य सामाजिक संरचना र अनौपचारिक नियमः समाज औपचारिक र लिखित नियमहरूभन्दा बढी अनौपचारिक र अलिखित नियमहरूबाट निर्देशित छ । औपचारिक र लिखित नीतिहरूले महिला र सीमान्तकृतको उपस्थिति र प्रतिनिधित्वलाई जति बाध्यात्मक रूपमा अगाडि ल्याएको छ, जकडिएको पितृसत्तात्मक सोच, अभ्यास र अनौपचारिक नियमहरूले उसरी नै उनीहरूको उपस्थितिलाई प्रभावहीन बनाएको पनि छ । उदाहरणका लागि निर्वाचनपछि र सरकार गठन हुनुभन्दा अगाडि हाल सत्तामा रहेको पार्टीका एक प्रभावशाली नेताले सामाजिक सञ्जालमा राख्नुभएको तस्बिरलाई लिऔं । हुन त त्यो एक व्यक्तिगत पेजमा राखिएको व्यक्तिगत फोटो थियो, जसमा सत्तासीन पार्टीका चार जना पुरुष नेताहरू बस्नुभएको थियो र फोटोको क्याप्सनलाई ‘राजकाजको चर्चा’ नाम दिइएको थियो । सामान्य लाग्ने त्यो पोस्ट अर्थपूर्ण मात्र थिएन, सत्ता र शक्तिको चाबीको नियन्त्रण कोसँग छ ? स्पष्ट संकेत दिएको थियो । प्रतिनिधित्व र प्रभावलाई तुलनात्मक रूपमा हेर्ने हो भने यस फोटोको दृश्य र पुराना भनिएका राजनीतिक दलहरूका दृश्यमा अनुहार र उमेरबाहेक खासै भिन्नता देखिँदैन थियो ।

नेपालको राजनीतिमा अनौपचारिक संरचनाहरू र नियमहरूले गहिरो मात्र होइन, निर्णायक भूमिका खेल्दछन् । कतिपय अवस्थामा निर्वाचित प्रनिनिधिहरू अगाडि देखिए पनि निर्णयहरू सीमित व्यक्ति वा समूहले नै नियन्त्रण गर्दछन् । खासगरी राजनीतिक दलहरू भित्रको शक्ति संरचना अत्यन्त केन्द्रीकृत र पुरुषप्रधान छ । यस्ता निर्णायक तहहरूमा महिला वा सीमान्तकृत समूहको उपस्थिति सीमित (वा शून्य) हुँदा उनीहरूको कार्यान्वयनको भूमिका पनि सीमित नै हुन्छ । नीतिगत प्राथमिकता निर्धारण गर्ने ठाउँमा पहुँच नहुँदा प्रतिनिधित्वको प्रभाव स्वतः कमजोर हुन्छ ।

**सांभार : कान्तिपुर ।**







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday